संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - ६

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल चैत १८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री टेकबहादुर बस्नेत
२. मा० श्री डिला सँग्रौला (पंत)
३. मा० श्री दल बहादुर राना
४. मा० श्री दिल कुमारी
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री देव प्रसाद तिमलसेना
७. मा० श्री नवराज सिलवाल
८. मा० श्री देवेन्द्र राज कंडेल
९. मा० श्री नारायण प्रसाद खतिवडा
१०. मा० श्री नारायण प्रसाद मरासिनी
११. मा० श्री दिलेन्द्रप्रसाद बडू
१२. मा० श्री पार्वती कुमारी विशुन्के
१३. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
१४. मा० श्री पूर्ण कुमारी सुवेदी
१५. मा० श्री प्रकाश रसाईली (स्नेही)
१६. मा० श्री बालकृष्ण खांण

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा देहायका मा० सदस्यहरुले आ-आफ्नो भनाइ राख्नुभयो :-

१. मा० श्री शान्ता चौधरी
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री देवप्रसाद गुरुङ
४. मा० श्री लक्ष्मणलाल कर्ण
५. मा० श्री दुर्गा पौडेल
६. मा० श्री प्रेम सुवाल
७. मा० श्री सूर्यप्रसाद पाठक
८. मा० श्री तेजुलाल चौधरी
९. मा० श्री कृष्णभक्त पोखेल
१०. मा० श्री लक्ष्मी परियार
११. मा० श्री गंगा चौधरी (सत्गौवा)

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा० शिवमाया तुम्वाहाङफेले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०७६-२०७७ को वार्षिक प्रतिवेदन" र "राष्ट्रिय समावेशी आयोगको आर्थिक वर्ष २०७६-२०७७ को वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

त्यसपछि विकास तथा प्रविधि समितिका मा० सभापति श्री कल्याणी कुमारी खड्काले क्रमशः "विकास तथा प्रविधि समितिको वार्षिक प्रतिवेदन, २०७७" र "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य नविन्द्रराज जोशी र लक्ष्मी देवी भण्डारीको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा पारित भयो ।

## शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक वि.सं. २०६४ र २०७० सालको संविधान सभा सदस्य निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट काठमाडौं जिल्ला क्षेत्र नं. ८ बाट निर्वाचित सदस्य, पूर्व उद्योग मन्त्री, निष्ठावान, इमान्दार, जुझारु र जनसेवामा समर्पित नेता एवं लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका नविन्द्रराज जोशीको ५९ वर्षको उमेरमा मिति २०७७ साल चैत १३ गते शुक्रबार थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक वि.सं. २०७० सालको संविधान सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित एवं लोकतान्त्रिक आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएकी लक्ष्मी देवी भण्डारीको ६८ वर्षको उमेरमा मिति २०७७ साल चैत १६ गते सोमबार बिहान ललितपुरस्थित मेडिसिटी अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात सभाले दिवंगत नविन्द्रराज जोशी र लक्ष्मी देवी भण्डारीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदुपरान्त बैठक २०७७ साल चैत २३ गते सोमबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव